# कालीगण्डकी गाउँपालिका

## स्याङ्जा

# वार्षिक प्रगती विवरण

## २०७७/०७८

# गाउँपालिकाको संक्षित चिनारी

- दोस्रो संबिधान सभाबाट जारी ऐतिहासिक संबिधान २०७२ ले राज्यको पुर्नसंरचना गरि मुलुकलाई ७ वटा प्रदेशमा बिभाजन गरे पश्चात गण्डकी प्रदेश को सुदुर पश्चिम स्याङ्जामा अबस्थित यो गाउँपालिका स्थानिय निकाय पुनर्संरचना आयोगले साबिक श्रीकृष्णगण्डकी, बिर्घा, आलमदेबी र चण्डीभञ्ज्याङ गाबिस मिलाएर बनाईएको हो । पुर्ब तर्फ गल्याङ नगरपालिका उत्तर तर्फ गल्याङ नगरपालिका, गुल्मी जिल्लाको कालीगण्डकी तथा सत्यवती गाउँपालिका, पश्चिम तर्फ पाल्पा जिल्लाको तानसेन नगरपालिका र दक्षिणतर्फ बगनासकाली गाउँपालिका, तानसेन नगरपालिका यति चार किल्ला भित्र कालिगण्डकी गाउँपालिका रहेको छ । तीनतिरबाट कालिगण्डकी नदीले परिबेष्ठीत गरेको धार्मिक भुमी शिला शालिग्रामको सामीप्यता, हिले सिद्धबाबाको अर्जुन दृष्टी, रुरु क्षेत्रको निकट यो भुमि आफैमा ऐतिहासिक एबं आध्यात्मीक दृष्टीले अतिनै महत्वपुर्ण छ । यहाँ रहेको प्रसिद्ध धार्मिक स्थल आलमदेवी यो क्षेत्रकै महत्वपुर्ण आभुषण हो किनकी आन्तरिक तथा बाह्य धार्मिक पर्यटक भित्राई आय आर्जन बढाउन यो मन्दीरको ठुलो सम्भाबना रहेको छ । साथै यो गाउँपालिका भित्र विभिन्न प्रसिद्ध मठ मन्दिरहरुले भरिभराउ गाउँपालिका हो भन्दा अत्युक्ति नहोला ।



# गाउँपालिका निति तथा परिकल्पना

- बदलिदो परिस्थितिमा देखिएका उच्चतम आकाङक्षा र सीमित स्रोत साधन बीच तादाम्यता कायम गर्दै विकास प्रयासलाई अगाडि बढाउन निकै चुनौतिपूर्ण छ । यसै गरी कालीगण्डकी गाउपलिकाले पनि संविधानको मर्म र भावना अनुरूप नेपाल सरकारले निर्देशित गरेको योजना तर्जुमा प्रक्रियाको चरणहरू पार गर्दै यस गाउँपालिकाले गरेको सार्वजनिक सुनुवाईबाट आएका सुझाव र टोलभेलाबाट आएका मांगहरूलाई स्रोत र साधनले भ्याएसम्म सम्बोधन गर्ने प्रयास गरेको छ । साथै यस गा.पा. भित्र रहेका विपन्न वर्ग, महिला, अल्पसंख्यक जातिका जनजाती मागहरूलाई सम्बोधन गर्न र निजहरूलाई आयआर्जनको क्रियाकलापहरूमा सहभागी गराउन योजना तथा बजेटलाई सहभागितामुलक,समाबेशि र सन्तुलीत बनाउने प्रयास गरीएको छ ।

# वार्षिक प्रगती विवरण
# २०७७/०७८

# वार्षिक आम्दानी

| आ.व. ७७।७८ वार्षिक आम्दानी | |
|---|---|
| नेपाल सरकारको अनुदान | ५६ करोड ९२ लाख ५८ हजार १४८ रूपैया |
| प्रदेश सरकारको अनुदान | ४ करोड १८ लाख १२ हजार ९५५ रूपैया |
| आन्तरिक आम्दानी | ९ करोड ४४ लाख ८० हजार ५६७ रूपैया १७ पैसा |

# खर्च

| शीर्षक | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | ३७ करोड ३९ लाख १९ हजार ४८५ रुपैया ६० पैसा | ३० करोड ५२ लाख ८९ हजार ८८९ रुपैया ४७ पैपा | ८१.६५% |
| पुँजीगत खर्च | २६ करोड ४२ लाख १७ हजार ७४७ रुपैया ६५ पैसा | १७ करोड ८२ लाख २६ हजार ५२८ रुपैया ५० पैसा | ६७.४५% |
| अन्तरसरकारी अख्तियारी | ९ करोड ८५ लाख २५ हजार ८१ रुपैया | ८ करोड ९३ लाख २ हजार ८१ रुपैया | ९०.६६% |
| कुल जम्मा | ७३ करोड ६६ लाख ६२ हजार ३१४ रुपैया २५ पैसा | ५७ करोड २८ लाख ४१ हजार ४९८ रुपैया ९७ पैसा | ७७.७६% |

# विषयगत क्षेत्रगत लक्षित कार्यक्रम

- **आर्थिक विकास तर्फ**

| कुल बिजियोजन रू. | पुंजिगत बजेटको कति % हुन्छ ? | योजना संख्या ? | खर्च % |
|---|---|---|---|
| ४ करोड ४४ लाख २५ हजार | १६.८१% | ६३ | ६८.०२ % |

- **सामाजिक विकास तर्फ**

| कुल बिजियोजन रू. | पुंजिगत बजेटको कति % हुन्छ ? | योजना संख्या ? | खर्च % |
|---|---|---|---|
| ५ करोड ७१ लाख ८५ हजार | २१.६४% | ४८ | ६१.९९% |

- **पुर्वाधार विकास तर्फ**

| कुल बिजियोजन रू. | पुंजिगत बजेटको कति % हुन्छ ? | योजना संख्या ? | खर्च % |
|---|---|---|---|
| १५ करोड ५२ लाख २६ हजार ७४७ रुपैया ६५ पैसा | ५८.७४% | १३१ | ६८.४१% |

# विषय क्षेत्रगत लक्षित कार्यक्रमको विवरण

- **वन वातावरण तथा विपद ब्यवस्थापन तर्फ**

| कुल बिजियोजन रू. | पुंजिगत बजेटको कति % हुन्छ ? | योजना संख्या ? | खर्च % |
|---|---|---|---|
| ५ लाख | ०.१९% | १ | ३७.४% |

- **सुशासन तथा संस्थागत विकास तर्फ**

| कुल बिजियोजन रू. | पुंजिगत बजेटको कति % हुन्छ ? | योजना संख्या ? | खर्च % |
|---|---|---|---|
| ४९ लाख ८१ हजार | १.८९% | ३ | ९१.५७% |

# कोभिड - १९ सम्बन्धि आम्दानी खर्च

| आम्दानी | खर्च | कैफियत |
|---|---|---|
| संघिय सरकारबाट प्राप्त<br>रु. १० लाख रुपैया | औषधी तथा स्वास्थ्य सामाग्री<br>रु २९ लाख ४८ हजार २०७ रुपैया | |
| प्रदेश सरकारबाट प्राप्त<br>रु. ७ लाख ५० हजार | क्वारेन्टिन ब्यपस्थापनमा<br>रु. २१ लाख ८० हजार ३३ रुपैया | |
| स्थानीय सरकारको<br>रु. ४८ लाख ५ हजार १९१ रुपैया | आइसोलेसन ब्यवस्थापनमा<br>रु. ३ लाख ३० हजार | |
| अन्य ब्यक्ति, संस्थाहरुबाट प्राप्त<br>रु. ८ लाख १ हजार | कोभिड १९ सम्बन्धी स्वास्थ्य कर्मीको<br>तलब लगाएत अन्य खर्च<br>रु. १७ लाख २८ हजार ३१७ रुपैया | |
| जम्मा प्राप्त आम्दानी<br>रु. ७३ लाख ५६ हजार ७४६ रुयैया | जम्मा खर्च<br>रु. ७१ लख ८६ हजार ५५७ रुपैया | |

# पुर्वाधार विकासको अबस्था

- कालो पत्रे सडक जम्मा कि.मि. : ३
- ग्राभेल सडक जम्मा कि.मि. : ५
- माटे सडक जम्मा कि.मी. : ८ जम्मा : १६ कि.मी
- खानेपानी धारा बितरण संख्या : ११८० (आ.व. ७७/७८) जम्मा : ३४००
- खानेपानी लाइन निर्माण कि.मि. : ६.५
- सिंचाइ कुलो निर्माण कि.मि.: ६
- भवन निर्माण संख्या : २ (वडा कार्यालय र प्रशासनीक भवन)
- अन्य संरचना निर्माण : ३ प्रतिक्षालय, १८ सामुदायिक भवन

# तथ्याङ्क व्यवस्थापन (Data Base)

- स्थानीय तहले तथ्यांक कसरी ब्यवस्थापन गरेको छ ?
  - वडागत रूपमा प्राप्त तथ्यांकलाई एकिकृत रूपमा संकलन गरिएको ।
- बस्तुस्थिति चित्र (Profile) तयार छ छैन?
  - छैन ।
- आफ्नो डाटा वेश छ छैन ?
  - छ , सूचना प्रविधि विभाग अन्तर्गत G-cloud मा पालिकाको (E-governance Software) डाटा वेश रहेको ।

# गुरु योजना सम्बन्धी (Master Plan)

- नगर/गाउँ बिकास गुरु योजना बनेको छ छैन?
  - छैन ।
- सडक गुरु योजना (MTMP) छ छैन ?
  - छैन ।
- बिभिन्न क्षेत्रगत बिकास गुरु योजना बने नबनेको?
  - धार्मिक तथा पर्यटन सम्बन्धि (आलमदेवी मन्दिर, भृगुतुङ्गेश्वर योजना, कोठेढुङ्गा, बडहरकुनाशिला )
  - सामाजिक विकास ( कालीगण्डकी अस्पताल, पालिका स्तरीय सभाहल)
  - आर्थिक विकास (औद्योगिक ग्राम)

# कार्यान्वयन गरिएका योजनाहरूको लागत रकम र संख्या

संख्या - रकम

- रु ५ करोड माथी लागत अनुमान भएका योजना संख्या? २ १९ करोड
- रु १ करोड देखि ५ करोडसम्म लागत अनुमान भएका योजना संख्या ? २ - ५ करोड ७६ लाख ९४ हजार
- रु ५० लाख देखी १ करोड सम्म लागत अनुमान भएका योजना संख्या ? १ ६५ लाख
- रु १० लाख देखि ५० लाख सम्म लागत अनुमान भएका योजना संख्या ? १७ - ४ करोड ९ लाख
- रु ५ लाख देखि १० लाख सम्म लागत अनुमान भएका योजना संख्या ? १७ - १ करोड ५१ लाख
- रु १ लाख देखी ५ लाख सम्म लागत अनुमान भएका योजना संख्या ? १७३ - २ करोड ८७ लाख ५० हजार
- रु ५० हजार देखी १ लाख सम्म लागत अनुमान भएका योजना संख्या ? ६९ - ६९ लाख
- रु ५० हजार सम्म लागत अनुमान भएका योजना संख्या ? १ ५० हजार

# नदीजन्य पदार्थको ब्यवस्थापन

- IEE स्वीकृत भएको मिति ⟶ **२०७७ आश्विन १ गते**
- IEE मा स्वीकृत भएको दैनिक उत्खनन परिमाण **३०० घनमिटर**
- दैनिक उत्खनन र विक्रि परिमाण **३०० घनमिटर**
- कुन विधि र प्रक्रियाबाट उत्खनन गरिएको
  - **ठेक्का र अमानत**
- ठेक्का लागेको वा अमानतबाट उठाइएको, गत बर्ष भन्दा कति प्रतिशतमा राजश्व वृद्धि भएको छ ।
  - **ठेक्का ४ वटा र अमानत ७ वटा** ४१.५ प्रतिशत वृद्दी

# अन्य स्थानिय तहहरूसंग संयुक्त रुपमा साझेदारी गरि गरेका कार्यहरू

- नरहेको

# गौरवका योजनाहरूको कार्यान्वयन अवस्था

- राष्ट्रिय गौरवका - छैन
- प्रदेश सरकारका
  - सिटि हल वडा नं. ५
  - विर्घाटार लिफ्टिङ्ग सिंचाइ वडा नं. ४
- स्थानीय तहको आफ्ना
  - छिस्दी किपट लिफ्टिङ्ग सिंचाइ वडा नं. १
  - गाउँपालिका प्रशासनिक भवन वडा नं. ४
  - छाप दब्छे सुल्सुले मो.बा. स्तरोनत्ती वडा नं. ६, ४, ३क्
  - वारीचौर मनर्दाङ झोलुङ्गे पुल वडा नं. ३

# योजनाका तस्विर



ड्रागन फ्रुट बगैचा



बेल्टारी – दरपुक मोटरेएवल पुलको सिलन्यास



खानेपानी योजनाको अनुगमन




ताजा तरकारी कार्यक्रममा बेर्ना उत्पादन


प्रधानमन्त्री रोजगार मार्फत निर्माण गरेको
गोरेटो बाटो र चौपारी

- गाउँपालिका प्रशासकिय भवन













# पेश्की र बेरूजुको अवस्था

| गत आ.व. सम्मको बेरुजु रु. | यस आ.व. सम्मको बेरुजु रु. |
| --- | --- |
| १ करोड ३० लाख ९२ हजार । | १ करोड २९ लाख २८ हजार । |

# ऐन कानुन

- विधिको शासनमा आधारित पारदर्शी, जवाफदेहि, परिमाणमुखी र नागरिक मैत्री शासन व्यवस्था कायम गर्न महत्वपुर्ण कानुनहरू निर्माण गरिएको छ ।
  - हाल सम्म १० वटा ऐन, ३ वटा नियमावली, २ वटा निर्देशिका, ११ वटा कार्यविधि र १ वटा आचारसंहिता जारी भयो ।
- राजपत्रमा प्रकाशन गरे नगरेको ?
  - प्रकाशन गरिएको।

# समस्याहरू र समाधानका लागि भएका प्रयासहरू

| समस्याहरु : | समाधानका लागि गरिएका प्रयासहरु: |
| --- | --- |
| • गण्डकी प्रदेश सरकार र नेपाल सरकारले रातो किताबमा भएका योजनाहरुको बजेट कटौती गर्दा विकास निर्माणमा अवरोध भएको छ । | • सम्बन्धित निकायमा कार्यपालिको निर्णय सहित ध्यानाकर्षण गरिएको । |
| • कोभिड १९ को कारण समग्र विकासको गतिमा अवरोध सृजना भएको | जोखिमपुर्ण अवस्थामा पनि कार्यालय संचालन, योजना सम्पन्न गर्न पहल तथा सहयोग गरिएको |
| • प्राथामिक स्वास्थ्य केन्द्र नभएको | • पालिकाले आफ्नै पहलमा १५ शैयाको अस्पताल सञ्चालन गरेको । |
| | |

# जिल्ला समन्वय समितिसंग राखेका अपेक्षाहरू

- प्रभावकारी अनुगमन र प्रतिवेदन पेश हुनु पर्ने ।
- केन्द्र र प्रदेशबाट प्राप्त सेवा सुविधाहरु जनसंख्या र क्षेत्रफलको आधारमा समानुपातिक रुपमा वितरण हुनुपर्ने ।
- दुई वा दुई भन्दा बढी पालिका बीचको अनुभव र समस्यालाई समन्वय गर्ने ।
- सक्रिय र क्रियाशिल समन्वय समिति गठन
- प्रदेश संघ र स्थानीय पालिका बीच समन्वयकारीको भूमीका खेल्नुपर्ने ।

# अवलम्वन गरिएका असल अभ्यासहरू

- निःशुल्क स्वास्थ्य बीमा लागू गरिएको ।
- एक घर एक धारा अभियान सञ्चालन गरिएको ।
- न्युनतम विद्युत महसुल निःशुल्क गरिएको ।
- आफनै लगानीमा अस्पताल सञ्चालन गरिएको ।
- Online(प्रविधि) प्रणाली मार्फत सेवा प्रवाह गर्ने प्रयास गरिएको ।

# धन्यवाद !!!